बिकलाङ्ग मित्र समुह,

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रको बाल संरक्षण नीति तथा कार्ययोजनासँग सम्वन्धित




# अपाङ्गता भएका र अन्य वालवालिकाहरूको अधिकार संरक्षणमा हामी सरोकारवालाहरूले पालना गर्नु पर्ने आचरणहरू (Code of Conduct)

१. कुनै पनि बालबालिकासँग एकान्त वा ढोका वन्द गरी वस्न पाईने छैन ।

२. बालबालिकालाई माया गरेर भएपनि चुम्वन गर्ने, आलिङ्गन गर्ने वा अनावश्यक रुपमा शरीरमा छुने, अश्लिल कुरा गर्ने जस्ता कार्य गर्ने वा गराउन पाईने छैन ।

३. अपाङ्गता भएका बालबालिकासँग कुरा गर्दा वा छलफल गर्दा बालबालिकालाई मन नपर्ने गरी बोल्न, कुराकानी गर्न, जबरजस्ती उनीहरूका भनाई लिन, फोटो वा भिडियो खिच्न पाईने छैन ।

४. अपाङ्गता भएका बालबालिका वा उनीहरूको परिवार लगायत कसैलाई पनि होच्याएर वा जिस्काएर वा अपहेलित महशुस गर्ने गरी सम्बोधन गर्न पाइने छैन ।

५. बालबालिकाको गोपनीयता भरु गर्ने र दोहोरो अर्थ लाग्ने भाषा प्रयोग गरी भ्रम पैदा गर्न पाईने छैन ।

६. बालबालिका र परिवारसँग अनावश्यक घनिष्ठता बढाउने र अनुमति वेगर बालबालिकालाई छुन पाइने असम्वन्धित काम गराउन वा गर्न बाध्य बनाउन पाईने छैन ।

७. सेवाग्राहीलाई तोकिएको स्थानमा मात्र सेवा दिन पाईने छ ।

८. बालबालिकासँग संस्थाले तोकेका कार्य भन्दा बाहेकका अवस्थामा कोहि पनि एक्लै बस्न पाउने छैन ।

९. कामको शिलसिलामा बालबालिकाको घरमा जाँदा उद्देश्य र परिचय पत्रसहित परिचय खुलाएर मात्र आफनो काम सुरुवात गर्न पाईने छ ।

१०. बालबालिका र अपाङ्गता भएका बालबालिकालाई डोर्‍याउँदा गमनशिलताको नियमलाइ आत्मसाथ गरी डोर्‍याउनु पर्ने छ ।

११. सबै धार्मिक समुदायका बालबालिकाका आ आफ्नै मौलिक पहिचान र मान्यतालाई सम्मान गर्नुपर्दछ ।

१२. कुनै पनि बालबालिकाको लागि लामो बाटोमा संरक्षक को व्यवस्था गर्दा लिङ्गको आधारमा संरक्षकको व्यवस्था गर्नु पर्ने छ भने त्यसो गर्न नसकेमा महिला संरक्षकलाई प्राथमिकता दिनु पर्दछ ।

१३. बालबालिका वा उनीहरूको परिवारहरूको कुराहरूलाई पीडितको हित रक्षा हुने गरी बालसंरक्षण सम्बन्धी गोपनीयता कायम राख्ने र सहि सुचना दिने गर्नुपर्दछ ।

१४. सबै सरोकारवालाहरुले आदर सम्मान गर्ने र सबैको कुरा ध्यान दिएर सुन्ने  गर्नुपर्दछ ।

१५. कुनै पनि बाल अधिकार हननका घटना घटेको देखे वा थाहा पाउने वित्तिकै  सम्वन्धित निकायमा उजुरी गरीदिने र आवस्यक सहयोग गर्नु पर्दछ ।

१६. कुनै पनि सरोकारवालाहरुले घरमा वालवालिकाहरुलाई घरेलु काममा लगाउन पाईदैन ।

१७. उपचारको सिलसिलामा परामर्श र परीक्षण गर्दा सम्वन्धीत व्यक्तिसँग निश्चित दुरी कायम गरी संरक्षकको रोहवरमा गर्नुपर्दछ ।

१८. उपचार प्रकृयामा सरोकारवालालाई उपचारका सम्भाव्य परिणामका बारेमा यथा सम्भव अग्रिम सूचना दिने र उपचार गर्ने वा नगर्ने कुराको निर्णय सम्वन्धित व्यक्तिलाई गर्न दिने गर्नुपर्दछ ।

१९. उपचार प्रकृयामा सबैलाई समान व्यवहार गर्ने र सेवाको सिलसिलामा लैङ्गिक सम्वेदनशिलता अपनाउनु पर्दछ ।

२०. सेवा प्रदायक वा अन्य कोहि पनि व्यक्ति वा संस्थाबाट पनि बालबालिकालाई हिंसा, दुर्व्यवहार भएमा बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पूनर्स्थापन केन्द्रले ढाकछोप गर्ने लुकाउने जस्ता काम गर्ने छैन र बालबालिकाको अधिकार संरक्षणका लागि पहल कदम गर्ने छ ।

२१. उपचारका लागि यस केन्द्रमा आएका कुनै पनि अभिभावक, बालवालिका र अन्य सरोकारवालाहरुले यस संस्थामा कार्यरत कर्मचारीलाई अनावस्यक कुराकानी वा संचार र घनिष्ठता बढाउन पाईने छैन ।

© HRDC